स्थानीय सरकार

तामाकोशी गाउँपालिका

# आ.व. २०७६।०७७ को बजेट

## चौथो गाउँसभा

मिति २०७६ असार १० गते

मिति २०७६ साल असार १० गतेका दिन तामाकोशी गाउँपालिकाको चौथो गाउँसभा अधिवेशनको पहिलो बैठकमा उपाध्यक्ष तथा बजेट तर्जुमा समितिका संयोजक श्री उर्मिला खड्का के.सी. ले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७६।०७७ को

# बजेट

२०७६

**सभाध्यक्ष महोदय,**

१. परापूर्वकालदेखी नै हाम्रो देश नेपाल पूर्ण स्वाधीनता प्राप्त गरी सार्वभौमसत्ता सम्पन्न मूलुकको रुपमा रही आएको छ । वर्तमान कालखण्ड चुनौतीपूर्ण रहेको भएतापनि गौरवपूर्ण विगत र उज्यालो एवम् सम्भावनापूर्ण भविष्य रहेको छ । जटिल र चुनौतीपूर्ण अवस्थालाई जनताको चाहना बमोजिम प्राप्त भएको संघिय लोकतान्त्रिक गणतन्त्रको प्रतिफललाई अवसरको रुपमा लिई देश निर्माणको सुनौलो पाइलामा अगाडी बढ्नुको विकल्प छैन ।

२. आज असार १० गते तामाकोशी गाउँपालिकाको उपाध्यक्षाको हैसियतले यस गरिमामय सभामा आर्थिक वर्ष २०७६।०७७ को वार्षिक बजेट पेश गर्न उभिएको छु ।

**सभाध्यक्ष महोदय,**

राजनैतिक, सामाजिक, सांस्कृतिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरु प्रति आदरभाव प्रकट गर्दछु ।

३. संविधान घोषणा भएपश्चात आवधिक निर्वाचन मार्फत मूलुक राजनैतिक स्थिरता तर्फ अगाडी बढीरहेको अवस्थामा स्थानीय तहहरु सवलिकृत स्थानीय तहमा रुपान्तरणको लागी अग्रसर भैरहेका छन् । विकासका हरेक चरणमा नागरिक आफैं संलग्न हुन थालेको यो महत्वपूर्ण अवसरलाई सामाजिक, आर्थिक, सांस्कृतिक रुपान्तरणको रुपमा सदुपयोग गरी स्थानीय जनताको चाहना पूरा गर्नु आजको सवैको दायित्व हो ।

४. नेपालको संविधानले बाँडफाँड गरेको अधिकार बमोजिम स्थानीय विकास निर्माण हामी स्वयं छनौट गरी कार्यान्वयन गर्ने भएकोले विकासको पूर्वाधार निर्माण तथा आर्थिक सामाजिक रुपान्तरणबाट भरपर्दो एवम् दिगो समृद्धि हाँसिल गर्नेतर्फ यस तामाकोशी गाउँपालिका लम्किरहेको अवस्था छ ।

५. गाउँपालिकाका आवश्यक कानून निर्माण, आन्तरिक उत्पादकत्व वृद्धि, स्थानीय अर्थतन्त्रका क्षेत्रहरुको पहिचान तथा आर्थिक विकास, सार्वजनिक निर्माणको गुणस्तरीयता, पुर्ननिर्माणमा तिव्रता जस्ता कुराहरु चुनौतीका रुपमा हामी सामू रहेको छ ।

६. प्राप्त अवसरहरुको सदुपयोग र आएका चुनौतीहरुको सामना गर्नेगरी आगामी आर्थिक वर्षको बजेट तयार गरेको छु । प्रस्तुत बजेटका उदेश्यहरु निम्नानुसार रहेका छन्,

क) भरपर्दो एवम् दिगो विकासको लागी आन्तरिक रुपमा वृद्धि गर्दै लैजाने,

ख) आर्थिक स्थिरता तथा समष्टिगत स्थायित्व कायम गर्ने,

ग) जनचाहना बमोजिम पूर्वाधार निर्माण गरी तीव्र आर्थिक विकास गर्ने,

घ) गाउँपालिकाद्धारा प्रदान गरिने सेवामा सबै नागरिकहरुको सरल र सहज पहुँच स्थापित गर्ने ।

७. माथिका यी उदेश्यहरु हासिल गर्नका लागी आगामी आर्थिक वर्षको बजेटका प्राथमिकताहरु देहाय बमोजिम हुनेगरी निर्धारण गरेको छु ।

क) स्थानीय स्तरमा रोजगारीका अवसरमा वृद्धि,

ख) गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि,

ग) कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण र विविधीकरण,

घ) शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाइमा उचित लगानी र प्रवर्द्धन,

ङ) दिगो सडक निर्माण र गुणस्तरीय स्तरोन्तनी,

च) पर्यटन, वन तथा वातावरण र पूर्वाधारको विकास,

छ) सार्वजनिक प्रशासनको सवलीकरण र सेवा प्रवाहमा सुधार,

ज) संस्थागत विकास र नियमन ।

**सभाध्यक्ष महोदय,**

८. अव म यिनै चुनौती, उद्देश्य र प्राथमिकताको आधारमा तयार गरिएको आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

**<u>आगामी आ.व. २०७६/०७७ को अनुमानित आन्तरिक आम्दानी तर्फ</u>**

| क्र.सं. | वजेट शिर्षक | आय अनुमान रकम (अंकमा) | रकम (अक्षरमा) |
|---|---|---|---|
| १ | घर निर्माण स्वीकृती, नक्सा पास | २,००,००० | रु. दुई लाख मात्र । |
| २ | ढुङ्गा गिट्टी वालुवा | २,००,००,००० | रु. दुई करोड मात्र । |
| ३ | निजी काठ निकासी | २०,००० | रु. विस हजार मात्र । |
| ४ | पसल दर्ता नविकरण | ५०,००० | रु. पचास हजार मात्र । |
| ५ | बाँझो जग्गा जरिवाना | ५,००० | रु. पाँच हजार मात्र । |
| ६ | संस्था दर्ता, नविकरण | १,००,००० | रु. एक लाख मात्र । |
| ७ | घर भाडा कर | २,००,००० | रु. दुई लाख मात्र । |
| ८ | होटल व्यवसाय दर्ता, नविकरण | २०,००० | रु. विस हजार मात्र । |
| ९ | एकिकृत सम्पत्ति कर(भूमीकर,सम्पती कर) | २५,००,००० | रु. पच्चिस लाख रुपैंया मात्र । |
| १० | खोटो संकलन | १०,००० | रु. दश हजार मात्र । |
| ११ | जडिबुटी निकासी | २०,००० | रु. विस हजार मात्र । |
| १२ | कवाडी कर | २०,००० | रु. विस हजार मात्र । |
| १३ | सवारी पटके कर | २०,००० | रु. विस हजार मात्र । |
| १४ | सिफारिस दस्तुर | ६,००,००० | रु. छ लाख मात्र । |
| १५ | चौपाया निकासी कर | ५,००० | रु. पाँच हजार मात्र । |
| १६ | कल कारखाना स्थापना, सञ्चालन कर | १०,००० | रु. दश हजार मात्र । |
| १७ | अन्य (करार,टेन्डर,परीक्षा दस्तुर आदी) | २,००,००० | रु. दुई लाख मात्र । |
| | **जम्मा** | **२,४०,७०,०००।००** | **दुई करोड चालिस लाख सत्तरी हजार मात्र ।** |

## आगामी आ.व. २०७६/०७७ को आय तथा व्ययको विवरण

### आय तर्फ

| क्र. सं. | वजेट शिर्षक | रकम (अंकमा) | रकम (अक्षरमा) |
|---|---|---|---|
| १ | केन्द्रिय सरकारबाट वित्तिय समानिकरण अनुदान | ११,८७,००,००० | रु. एघार करोड सतासी लाख मात्र । |
| २ | केन्द्रिय सरकारबाट सशर्त अनुदान | १६,४७,००,००० | रु. सोह्र करोड सच्चालिस लाख मात्र । |
| ३ | केन्द्रिय सरकारको रोयल्टि वाँडफाँड | ५,८९,९६,००१.८८ | रु. पाँच करोड उनान्ननब्बे लाख छयानब्बे हजार एक रुपैंया अठासी पैसा मात्र । |
| ४ | केन्द्रिय सरकारको राजश्व वाँडफाँड अनुदान | ६,१७,००,००० | रु. छ करोड सत्र लाख मात्र । |
| ५ | प्रदेश सरकारबाट वित्तिय समानिकरण अनुदान | ९९,००,००० | रु. उनान्नसय लाख मात्र । |
| ६ | प्रदेश सरकारबाट सशर्त अनुदान | १८,००,००० | रु. अठार लाख मात्र । |
| ७ | प्रदेश सरकारबाट सवारी साधन करको वाँडफाँड | १,२७,९८,००० | रु. एक करोड सत्ताइस लाख अन्ठानब्बे हजार मात्र । |
| ८ | आन्तरिक आम्दानी अनुमान | २,४०,७०,००० | रु. दुई करोड चालिस लाख सत्तरी हजार मात्र । |
| ९ | कोष मौज्दात | १,५०,००,००० | रु. एक करोड पचास लाख मात्र । |
| **जम्मा** | | ४६७६६४००१.८८<br>**छयालिस करोड छयात्तर लाख चौसठ्ठी हजार एक रुपैंया पैसा अठासी मात्र ।** | |

### व्यय तर्फ

| क्र. सं. | वजेट शिर्षक | रकम (अंकमा) |
|---|---|---|
| **जम्मा बजेट** | | २३,९४,६४,००१.८८ |
| १ | समपुरक कोष | २,००,००,०००<br>(रु. दुई करोड मात्र ) |
| २ | कृषि, सिँचाई तथा पशु विकास | ४,००,००,०००<br>(रु. चार करोड मात्र ) |
| ३ | शिक्षा | २,००,००,०००<br>(रु. दुई करोड मात्र ) |
| ४ | स्वास्थ्य, सरसफाई तथा खानेपानी | ३,००,००,०००<br>(रु. तीन करोड मात्र ) |
| ५ | कला, साहित्य संस्कृती र पर्यटन | ३०,००,०००<br>(रु. तिस लाख मात्र ) |
| ६ | सडक यातायात तथा पूर्वाधार विकास | ६,००,००,०००<br>(रु. छ करोड मात्र ) |

| | | |
|---|---|---|
| ७ | वन वातावरण तथा भू-संरक्षण | ५०,००,०००<br>(रु. पचास लाख मात्र ) |
| ८ | उर्जा | ३४,००,०००<br>(रु. चौतीस लाख मात्र )3400000 |
| ९ | आर्थिक तथा सामाजिक विकास | २०,००,०००<br>(रु. विस लाख मात्र ) |
| १० | युवा तथा खेलकुद विकास | १,५०,००,०००<br>(रु. एक करोड पचास मात्र ) |
| ११ | राजश्व संकलन तथा परिचालन | ७,००,०००<br>(रु. सात लाख मात्र ) |
| १२ | सामाजिक सेवा तथा समावेशी प्रवर्द्धन | २,००,००,०००<br>(रु. दुई करोड मात्र ) |
| १३ | जोखिम तथा प्रकोप व्यवस्थापन | ३०,००,०००<br>(रु. तिस लाख मात्र ) |
| १४ | उद्योग तथा वाणिज्य | १६,००,०००<br>(रु. सोह्र लाख मात्र ) |
| १५ | सहकारी तथा संघसंस्था | १७,००,०००<br>(रु. सत्र लाख मात्र ) |
| १६ | कानून तथा न्याय सम्पादन | ३०,००,०००<br>(रु. तिस लाख मात्र ) |
| १७ | सूचना, प्रविधि तथा संचार | ५०,००,०००<br>(रु. पचास लाख मात्र ) |
| १८ | आर्थिक सहायता कोष | ५०,००,०००<br>(रु. पाँच लाख मात्र ) |
| १९ | सवारी साधन खरिद | २५,००,०००<br>(रु. पच्चिस लाख मात्र ) |
| २० | सुशासन, सार्वजनिक सेवा प्रवाह | १०,००,०००<br>(रु. दश लाख मात्र ) |
| २१ | अन्य | २०,६४,००१.८८<br>(रु. विस लाख चौसठ्ठी हजार एक रुपैंया अठासी पैसा मात्र ) |
| २२ | चालु तर्फ | ६,१७,००,०००<br>(रु. छ करोड सत्र लाख मात्र ) |
| जम्मा विनियोजित | | **२३,९४,६४,००१.८८**<br>(रु. तेइस करोड चौरानब्बे लाख चौसठ्ठी हजार एक रुपैंया अठासी पैसा मात्र ) |
| जम्मा बजेट | | **४६७६६४००१.८८**<br>**छयालिस करोड छयात्तर लाख चौसठ्ठी हजार एक रुपैंया पैसा अठासी मात्र ।** |